# कानूनी सहजकर्ताको आवश्यक्ता सम्बन्धि सूचना

यस मन्त्रालयलाई प्रदेश नं.२ का गाउँपालिकाहरुमा रही कानूनी सेवा प्रदान गर्न केही कानूनी सहजकर्ताहरुको आवश्यक्ता परेकोले सो सेवा प्रदान गर्न २० बर्ष उमेर पूरा भई ५० बर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छः

१. करार गरिने सेवाको नामः कानूनी सहजकर्ता

२. संख्याः ५९ जना

३. शैक्षिक योग्यता, अनुभवः- एस.एल.सी वा एस.ई.ई उतिर्ण गरि लेखापढी व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको वा कानून विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको वा अभिवक्ताको प्रमाणपत्र प्राप्त गरेको वा कानूनमा स्नातक तह उतिर्ण गरेको वा अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको ।

४. अवधिः ६ महिना ( अवधि समाप्त भएपछि आवश्यक्तानुसार६/६ महिना सम्म सेवा करारको म्याद थप गर्दै जान सकिने)

५. मासिक पारिश्रमिकः प्रत्येक महिना नेपाल सरकारको रा.प.अनं.द्वितिय श्रेणीको निजामती कर्मचारिले पाए सरहको शुरु तलब स्केल।

६. प्रदान गर्नु पर्ने सेवाः निर्देशिकाको दफा ८ र करार सम्झौतामा उल्लेख भए बमोजिम।

७. संलग्न हुनु पर्ने कागजातहरुः दरखास्त फाराममा निवेदकको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी निम्न लिखित कागजात संलग्न गर्नु पर्ने :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) तोकिएको शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपी

८. छनौटको किसिमः अन्तरवार्ता र निर्देशिकामा तोकिएका शैक्षिक योग्यता तथा अनुभवको जेष्ठताको आधारमा हुने।

९. परीक्षा दस्तुरः निशुल्क

१०. सम्पर्क मितिः- २०७५/०८/२५ गते

११. अन्तरवार्ता मितिः- सम्पर्क मितिको दिन तोकिनेछ । अन्तरवार्तामा सहभागी हुन आउँदा आफुले दरखास्त फारामसाथ पेश गरेका सबै कागजातहरुको सक्कलै प्रति लिई उपस्थिति हुनु पर्नेछ ।

१२. दरखास्त फाराम मन्त्रालयको वेभसाइट moial.p2.gov.np वा www.p2.gov.np वाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी थप जानकारीको लागी मन्त्रालयको वेभ साइट हेर्नु होला।

१३. सेवा करार सम्झौता गर्न आउनुपर्ने अवधिः सेवा करार गर्नको लागि छनौट भएका उम्मेदवारले छनौट भएको मितिले ७ दिनभित्र सेवा करारको सम्झौता गर्न उपस्थित हुनु पर्नेछ ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा, नेपाल

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं.२, जनकपुरधाम